लक्ष्मीपुर पतारी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय, सिरहा

## सिलबन्दी बोलपत्र आव्हानको सुचना

(प्रथम पटक प्रकाशित मिति : २०७६।०१।०९)

१. यस गाउँपालिकामा संघिय सरकारबाट प्राप्त गरिब संग विशेस्वर कार्यक्रम अन्तर्गत आवास निर्माण र प्रदेश सरकार को सशर्त कार्यक्रम अन्तर्गतको विद्युतिकरण कार्यको सिलबन्दी बोलपत्र आवहान गरि कार्य गराउनु पर्ने भएकोले इच्छुक र इजाजत प्राप्त निर्माण व्यवसायी/ फर्म/सप्लायर्स/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२. यो सुचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र, अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणित प्रमाणपत्र, आ.व. २०७४/७५ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व-घोषणापत्र नियमानुसार तपसिलमा उल्लेखित बोलपत्र दस्तुर (फिर्ता नहुने गरि) यस कार्यालयको नाममा रहेको एनसिसि बैक लक्ष्मीपुर पतारी शाखामा रहेको मूल संचित कोष खाता नं. १४३००००००३९०१ मा जम्मा गरी सोको सक्कल भौचर पेश गर्नुपर्ने छ ।

३. खरिद गरिएको बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सुचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा उपस्थित भई वा प्रतिनिधि तोकी बोलपत्र दर्ता गराउन सकिने छ ।

४. बोलपत्र फाराम साथ जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको एनसिसि बैंक, लक्ष्मीपुर पतारी शाखाको धरौटी खाता नं. १४३००००००४००१ मा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको ९० दिन म्याद भएको सक्कलै जमानी पत्र (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत वापतको भौचर वा विडवण्ड यो सुचना प्रकाशित भएको मिति पछिको लाई मात्र मान्यता दिइनेछ ।

५. दर्ता हुन आएको सिलबन्दी बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० वजे खोलिने छ । समयमा निज वा निजका प्रतिनिधिहरु उपस्थिति हुन नसके पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र फारम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन क्रमशः सोही समयमा हुनेछ । तर बोलपत्र मान्य अवधि र जमानत मान्य अवधि शुरुकै मितिबाट कायम हुनेछ ।

६. बोलपत्रमा आइटमवाईज दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाँउमा बोलपत्रदाताको अनिवार्य सहीछाप गरेको हुनुपर्नेछ ।

७. बोलपत्रमा दररेट उल्लेख गर्दा कुनै आईटमामा दररेट छुटेको देखिएमा सोको दररेट अन्य आईटममा समावेश भए सरह मानिनेछ ।

८. बोलपत्रदाताले निर्माण स्थान, काम सम्पन्न गर्नु पर्ने समय र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रो संग बुझि दररेट भरेको मानिनेछ ।

९. प्रचलित कानून बमोजिम कालोसूचीमा परेका व्यक्ति, फर्म, संस्था वा कम्पनीका संचालकको नयाँ फर्म, कम्पनी वा संस्था खोली कारोबार गरेको भए त्यस्तो व्यक्ति, फर्म, संस्था वा कम्पनीले बोलपत्र पेश गर्न सक्ने छैन्न ।

१०. यस कार्यालयको हितलाई ध्यानमा राखि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्रदाताले बोलपत्र डकुमेन्ट खाममा राखि, खाम माथि फर्मको नाम ठेगाना सम्पर्क नं. र ठेक्का नं. प्रष्टसंग लेखी लाहाछापले सुरक्षितसाथ सिल गरेर निवेदन साथ दर्ताको लागि पेश गर्नुपर्नेछ । अन्यथा बोलपत्र दर्ता गर्न कार्यालय बाध्य हुने छैन् ।

१२. रित नपुगेका, यसै सूचनाको दफा २ र ११ बमोजिमका कागजातहरु संलग्न नभएका, म्याद नाघी आएका, कुनै शर्त राखेको, दस्खत तथा छाप नभएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

१३. यसमा उल्लेख भएका कुरा यसै बमोजिम र उल्लेख नभएका अन्य विषयहरु सावर्जनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून अनुसार हुनेछ ।

१४. सिलबन्दी बोलपत्रको कामको विवरण निम्न अनुसार छ ।

**तपसिल**

| बोलपत्र/ठेक्का नं. | विवरण | अनुमानित लागत (भ्याट र कन्टिन्जेन्सि बाहेक) | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|
| 7/NCB/075-76 | घर आवास निर्माण कार्य | ४३,६२,७२९।०० | १,३१,०००।- | ३०००।- |
| 8/NCB/075-76 | विद्युतिकरण सामाग्री खरिद कार्य | २१,४५,७०४।०० | ६४,५००।- | ३०००।- |

प्रमुख प्रशासकिय अधिकृत

२०७६-०१-०९

रविन्द्र कुमार महत
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner